# सम्बत् २०७७ साल असोज १९ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
| --- | --- | --- |
| | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको अध्यक्ष पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत नेपाल कृषि सेवा, कृषि प्रसार समूहका सहसचिव (प्राविधिक) डा. योगेन्द्र कुमार कार्कीलाई तोक्ने र कार्यकारी निर्देशक पदमा नेपाल कृषि सेवा, एगृ.इको.एण्ड मार्केटिङ समूहका वरिष्ठ कृषि अर्थ विज्ञ (राजपत्रांकित द्वितिय श्रेणी) (प्राविधिक) श्री विनोद कुमार भट्टराईलाई नियुक्ति दिने। |
| | परराष्ट्र मन्त्रालय | अवैतनिक वाणिज्यदूत सम्बन्धी (पाँचौ संशोधन) नियमावली, २०३९ मा भएको व्यवस्थाबमोजिम निम्नबमोजिमको निर्णय गर्नेः<br>१. इरानको तेहरानमा कार्यरत अवैतनिक महावाणिज्यदूत श्री शाहरम शान्तियाइको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>२. मलेसियाको सेलङ्गार शहरमा कार्यरत अवैतनिक वाणिज्यदूत श्री तेयो स्वी लेङको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>३. इन्डोनेसियाको जाकार्तामा कार्यरत अवैतनिक वाणिज्यदूत श्री बल्ली सपुत्र जनो सतीको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>४. इजरायलको हाइफा शहरमा कार्यरत अवैतनिक वाणिज्यदूत श्री निमरड बर्गरको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>५. इजरायलको बीरसेभा शहरमा कार्यरत अवैतनिक वाणिज्यदूत श्री इयान नीरको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>६. अमेरिकाको इलिनोइस शहरमा अवैतनिक महावाणिज्यदूत पदमा कार्यरत श्री मरभिन ए. ब्रस्टिनको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>7. अमेरिकाको मेरिल्याण्ड शहरमा अवैतनिक महावाणिज्यदूत पदमा कार्यरत श्री प्रेमराजा महतको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>८. अमेरिकाको हवाईमा अवैतनिक वाणिज्यदूत पदमा कार्यरत श्री मेरी सी. क्यारोलको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>9. अमेरिकाको ओहियो शहरमा अवैतनिक महावाणिज्यदूत पदमा कार्यरत डा. विलियन सी. क्यासेलको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>10. अमेरिकाको सियाटल शहरमा अवैतनिक वाणिज्यदूत पदमा कार्यरत श्री ए.सी. शेर्पाको पदावधि आगामी चार वर्षको लागि थप गर्ने।<br>11. बेल्जियमको फ्ल्याण्डर्स क्षेत्रमा श्री इन्ग्रीड सेस्टर्स-ल्यूटेनलाई आगामी चार वर्षको लागि अवैतनिक नेपाली वाणिज्यदूत पदमा नयाँ नियुक्ति गर्ने।<br>12. ग्रीसको एथेन्स शहरमा अवैतनिक वाणिज्यदूत पदमा कार्यरत श्री इम्मानोइल काराभेलाकिसको पदावधि आगामी चार वर्षको लागि थप गर्ने साथै निजलाई हाल कार्यरत अवैतनिक वाणिज्यदूतको पदबाट अवैतनिक महावाणिज्यदूतमा पदोन्नति गर्ने।<br>13. लेबनानको बेरूत शहरमा अवैतनिक वाणिज्यदूत पदमा कार्यरत श्री एल शेख मोहमद वासम गोजायलले प्रशंसनीय कार्य गर्दै आइरहेकाले निजलाई अवैतनिक महावाणिज्यदूत पदोन्नति गर्ने। |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षक सेवा आयोगको अध्यक्ष र एकजना महिला सहित अन्य दुईजना सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयको उपकूलपति र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव सदस्य रहेको एक सिफारिस समिति गठन गर्ने। |

| | | |
|---|---|---|
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०१।१४ को निर्णयबाट स्थगन भएको राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीको पदपूर्ति सम्बन्धी प्रक्रियालाई सुचारु गर्न स्वीकृति दिने। |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७५ संशोधन गर्ने। |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरू पूर्णरूपमा पालना गर्ने गरी परीक्षा सम्बद्ध आयोग, विश्वविद्यालय, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थाहरूलाई सबै तह, विषय र प्रकृतिका परीक्षाहरू सञ्चालन गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरू पूर्णरूपमा पालना गर्ने गरी व्यावसायिक तालिम प्रदायक संस्थाहरूलाई पच्चीस जनाभन्दा कम सहभागी हुने छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्न अनुमति दिने। |
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | साउदी अरब, जेद्दामा रहेको राजपत्राङ्कित प्रथम श्रेणी (प्रशासन समूह), सहसचिवस्तरको दरबन्दी चीनस्थित नेपाली महावाणिज्यदूतावास छेन्दुमा स्थानान्तरण गर्ने। |
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रपतिको कार्यालयको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने। |
| | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत आ.व. ०७७।७८ मा राष्ट्रिय सूचना प्रविधि केन्द्र, काठमाण्डौंका लागि ७ र डिजाष्टर रिकभरी केन्द्र, हेटौंडाका लागि ९ सहित अधिकृतस्तरका जम्मा १६ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विज्ञापन बोर्डको आर्थिक वर्ष २०७७/७८ को लागि अधिकृतस्तरका जम्मा ५ जना कर्मचारीहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |